तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
च.नं.:

मितिः २०८०।११।१४
ने.सं. : ११४४ सिल्लागा, २ सोमवार

विषयः सहमती भै आन्दोलनका कार्यक्रम फिर्ता सम्बन्धमा।

प्रस्तुत विषयमा यस तुर्माखाँद गाउँपालिकामा मिति २०८०।११।०७ गते देखि विभिन्न माग राख्दै शान्तिपुर्णरुपमा आन्दोलन गर्दै आएको एकिकृत दलित आन्दोलन नेपाल र गाउँपालिका दुबै पक्ष बिच बार्ता समिति गठन भै विभिन्न चरणमा मिति २०८०।११।१३ र १४ गते बसेको बार्ता समिति बैठकमा छलफल गरी देहाय बमोजिमको निश्कर्ष सहित दुबै पक्ष बिच सहमती गरियो साथै आन्दोलनरत पक्षले आजैका मितिबाट आन्दोलनका सबै कार्यक्रमहरु फिर्ता लिने निर्णय भएको हुदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

लोक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

Email:ito.turmakhadmun@gmail.com Website:www.turmakhadmun.gov.np
Phone Number CAO :- 9848435840/ Chair person:- 9848690588
"शिक्षा कृषि र जलाधार, समृद्ध तुर्माखाँदको मुल आधार"

आज मिति २०८० साल फागुन १३ गते दिउसो २:०० बजे यरा तुर्माखाँद गाउँपालिका अछामका अध्यक्ष एवं गाउँपालिका वार्ता टोली संयोजक श्री डम्बर बहादुर बि.सी. ज्यूको अध्यक्षतामा एकृकीत दलित आन्दोलनले पेश गरेका मागका सम्बन्धमा देहायकको उपस्थितिमा वार्ताटोलीको बैठक बसी छलफल गरियो।

उपस्थिति

<u>गाउँपालिकाको तर्फबाट</u>

१, श्री डम्बर बहादुर वि.सी. अध्यक्ष तुर्माखाँद गाउँपालिका संयोजक

२, श्री महेन्द्र बहादुर शाही ५ नं. वडा अध्यक्ष सदस्य

३, श्री झंकर बहादुर नेपाली कार्यपालिका सदस्य सदस्य

४, यकेन्द्र बहादुर वयक स्वास्थ्य शाखा प्रमुख सदस्य

<u>दलित आन्दोलनको तर्फबाट</u>

१, मिन बहादुर सुनार संयोजक

२, रतन बहादुर बि.क. सदस्य

३, लोक बहादुर उखेडा सदस्य

१ यस तुर्माखाँद गाउँपालिकामा एकीकृत दलित आन्दोलनले पेश गरेका मागका सम्बन्धमा दुबै पक्ष विच छलफल गरी तपशिल बमोजिमको सहमती गरियो।

१. तुर्माखाँद गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७६ प्रचलित कानून बमोजिम समावेशी (महिला,जनजानती,दलित,अल्पसंख्यक) बनाउन समाबेशी सिद्धान्तको आधारमा आवश्यक संशोधन गर्ने।
२. दलितलाई यस तुर्माखाँद गाउँपालिकामा आर्थिक तथा सामाजिक रुपले मुलप्रवाहीकरण गर्न आगामी आर्थिक बर्षमा दलित सशक्तिकरण सम्बन्धि विभिन्न कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने।
३. यस तुर्माखाँद गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० मा एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा भएको भाडादर सम्बन्धि व्यवस्थामा

समयसापेक्ष हुने गरी संशोधन गर्ने । र दलितको हकमा एम्बुलेन्स नभएको खण्डमा स्वास्थ्य संस्थाको अनिवार्य रिफर भई अन्य गाडी प्रयोग गरेकोमा सो को एम्बुलेन्स सरहको सुविधा उपलब्ध गराउने।

४. प्राविधिक तथा उच्च शिक्षा अध्ययन गर्ने दलित विद्यार्थिहरुलाई निश्चित मापदण्ड बनाई छात्रबृत्ति प्रदान गर्ने।

२. यस तुर्माखाँद गाउँपालिकामा एकीकृत दलित आन्दोलनले पेश गरेका माग सम्बन्धमा सहमती नभएको बुदाहरुमा पुनः मिति २०८०।११।१४ गते विहान ८:०० बजे बैठक बस्ने निर्णय गरियो।

आज मिति २०८० साल फागुन १४ गते बिहान ८:३० बजे यस तुर्माखाँद गाउँपालिका अछामका अध्यक्ष एवं गाउँपालिका वार्ता टोली संयोजक श्री डम्बर बहादुर बि.सी. ज्यूको अध्यक्षतामा एकृकीत दलित आन्दोलनले पेश गरेका मागका सम्बन्धमा देहायकको उपस्थितिमा वार्ताटोलीको बैठक बसी छलफल गरियो।

उपस्थिति

**गाउँपालिकाको तर्फबाट**

१, श्री डम्बर बहादुर वि.सी. अध्यक्ष तुर्माखाँद गाउँपालिका संयोजक

२, श्री महेन्द्र बहादुर शाही ५ नं. वडा अध्यक्ष सदस्य

३, श्री झंकर बहादुर नेपाली कार्यपालिका सदस्य सदस्य

४, यकेन्द्र बहादुर वयक स्वास्थ्य शाखा प्रमुख सदस्य

**दलित आन्दोलनको तर्फबाट**

१, मिन बहादुर सुनार संयोजक

२, रतन बहादुर बि.क. सदस्य

३, लोक बहादुर उखेडा सदस्य

**निर्णयहरु**

१, यस तुर्माखाँद गाउँपालिकामा एकीकृत दलित आन्दोलनले पेश गरेका मागका सम्बन्धमा थप बाँकी रहेका विषयमा दुबै पक्ष विच छलफल गर्दा तपशिल बमोजिमको सहमती गरियो।

१. तुर्माखाँद गाउँपालिकाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०७९, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संघिय दरबन्दी तेरिजका आधारमा तुर्माखाँद गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त पदहरुमा कम्तीमा १ जना दलित कर्मचारी र तुर्माखाँद गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धि कार्यविधि, २०८० बमोजिम आवश्यकता महशुस गरिएका विद्यालयहरुमा कम्तीमा पनि २ जना दलित शिक्षक पर्ने गरी तुर्माखाँद गाउँ कार्यपालिकाको निर्णयानुसार आवश्यक प्रक्रिया मार्फत पदपुर्ती गर्ने।

२. एकीकृत दलित आन्दोलनले तुर्माखाँद गाउँपालिकामा विभिन्न माग राख्दै गर्दै आएका सबै आन्दोलनका कार्यक्रमहरु आजैको मिति देखि फिर्ता गर्ने निर्णय गरियो।